# धनगढीमाई नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
धनगढी, सिरहा
(सामाजिक सुरक्षा शाखा)
प्रदेश नं. २ ,नेपाल

प स :- ०७५/०७६
च न :- १५

मिति : २०७५/०४/०१

---

विषय :- सुचना ! सुचना !! सुचना !!!

श्री सर्व साधारण सबैको लागि ।

उपरोक्त सम्वन्धमा यस धनगढीमाई नगरपालिका अन्तर्गत उमेर पुगेका जेष्ठ नागरिक र दलित जेष्ठ नागरिकहरुले आ.व.२०७६/०७७ मा भत्ता पाउँनको लागि २०७५ श्रावण ०१ देखी २०७५ मंसिर १५ गते भित्रमा आ-आफ्नो वडा कार्यलयमा गई नाम दर्ता को लागि दरखास्त दिन हून अनुरोध छ । साथै विधवा,एकल महिला,पूर्ण अपाङ्ग, अति अशक्त, अपाङ्ग र दलित वालवालिकाको हकमा जुनसुकै समय र मितिमा प्रमाण सहित वडा कार्यालयमा गई दरखास्त दिन सकिने छ र निवेदन दिएको मितिको पछिल्लो चौमासिकवाट भत्ता पाउने छ ।साथै सामाजिक सूरक्षा भत्ता खाईपाई आईरहेका लाभग्राहीहरुले आ-आफ्नो परिचय पत्र सहित सोही मितिमा नवीकरण गराउनु हुन समेत यसै सुचनाद्वारा जानकारी गराईन्छ ।

Yadav.
२०७५/०४/०१

सम्पैत यादव
स्थानीय पंजिकाधिकारी

क) जेष्ठ नागरिक(७० वर्ष उमेर पुरा भएका सबै नागरिक)
  १) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि-१ प्रति ।
  २) भत्ता पाउने व्यक्तिको फोटो -२ प्रति ।
  ३) अन्य न.पा. वा गा.पा. बाट बसाईसराई गरी आएका भए सो को प्रतिलिपि -१ प्रति ।
  ४) सरसफाई परिचय पत्रको प्रतिलिपि -१ प्रति ।

ख) दलित जेष्ठ नागरिक (६० वर्ष उमेर पुरा भएका सबै दलित नागरिक)
  १) अन्य कागजात माथि (क) मा उल्लेख भए अनुसार ।

ग) एकल महिला देहायका अवस्था भएका सबै महिला ।
  १) ६० वर्ष पुरा गरी विवाह नगरी बसेका सबै महिला ।
  २) ६० वर्ष उमेर पुरा गरी सम्वन्ध विच्छेद भएका एकल महिला र त्यस्ता महिला पुनःविवाह गरेमा उक्त सुविधा पाईनेछैन ।
  ३) अन्य कागजात माथि (क) मा उल्लेख भए अनुसार ।

घ) विधवा महिला ।
  १) पति निधन भएका सबै महिला ।
  २) पतिको मृत्यू दर्ता प्रमाण पत्रको प्रतिलिपि - १ प्रति ।
  ३) अन्य कागजात माथि (क) मा उल्लेख भए अनुसार ।

ङ) अपाङ्गता भएको व्यक्तिको हकमा ।
  १) रातो र निलो परिचय पत्र प्राप्त गरेका सबै अपाङ्ग ।
  २) अन्य कागजात माथि (क) मा उल्लेख भए अनुसार ।

च) वालबालिकाको हकमा ।
  १) जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि -१ प्रति ।
  २) अन्य कागजात माथि (क) मा उल्लेख भए अनुसार ।
  ३) आमा वा आमा नभए संरक्षकको नागरिकताको प्रतिलिपि -१ प्रति ।